# दशरथचन्द नगरपालिकाको आठौं नगर सभामा आर्थिक वर्ष २०७८/०७९ का लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रम

आदरणीय नगर प्रमुख ज्यू, नगरसभा सदस्य ज्यूहरु, विकास एवं सुशासनको पवित्र अभियानमा सहयात्री हुनु भएका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरुलाई स्वागत गर्न चाहन्छु साथै कोभिड-१९ (कोरोना भाईरस) को महामारीले सिर्जना गरेको चुनौतिपुर्ण र असहज अवस्थाका विच दशरथचन्द नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को निति तथा कार्यक्रम प्रस्तुत गर्दैछु। जस अनुसार चालु तर्फ रु. ५७ करोड ४० लाख ३ हजार ३८ र पुंजिगत तर्फ १५ करोड २१ लाख १९ हजार गरी कूल जम्मा रु. ७२ करोड ६१ लाख २२ हजार ३८ बराबरको बार्षिक बजेट पेश गरेको छु।

यस महत्वपुर्ण घडीमा संघीयता तथा गणतन्त्र प्राप्तिको संघर्षमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने यसै दशरथचन्द नगरपालिकामा जन्मनु भएका जेष्ठ शहीद दशरथचन्द लगायत अन्य ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। साथै नेपालको राष्ट्रियता, अखण्डता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा बीर अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक, आर्थिक रुपान्तरणमा वहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

१. कोभिड-१९ (कोरोना भाईरस) रोकथाम नियन्त्रण, रोकथाम र उपचार कार्यको अग्रपक्तिमा रहेर महत्वपुर्ण योगदान गर्ने, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईमा कार्यरत कर्मचारी र संचारकर्मीहरु प्रति उच्च सम्मान प्रकट गर्दै संकटको यस घडीमा अक्सिजन सिलेण्डर लगायत अन्य सामाग्रीबाट सहयोग गर्नु हुने सम्पुर्ण सरकारी, गैर सरकारी संघ संस्था, दातृ निकाय एवं व्यक्तिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

२. कोभिड-१९ (कोरोना भाईरस) को महामारीले गर्दा भारत तथा तेस्रो मुलुकबाट आएका नागरिकहरुको सीप ज्ञान एवं दक्षताको आधारमा नगरपालिका क्षेत्रभित्र रहेको बांझो जमिनमा कृषि उत्पादनको उपयोगमा ल्याउन संघ, प्रदेश र कृषकहरुको सहकार्यमा त्यस्तो जमिनको अध्ययन परिक्षण गरि उत्पादन हुने सम्भावनाको आधारमा विभाजन गरि आय आर्जन संग समायोजन गरि रोजगारी सिर्जना हुने आयोजना छनौट गरिनेछ।

३. नगरपालिका क्षेत्रमा उपभोक्ता हित संरक्षणका लागि कोभिड-१९ कोरोना भाईरस को त्रास रहेको अवस्थामा अत्यावश्यक वस्तुको आपुर्ति व्यवस्थापन चुस्त बनाउन बजार अनुगमन कार्यलाई निरन्तरता दिईनेछ।

४. नगरका आयोजना तर्जुमा वस्तुस्थितिको पहिचान, प्राथमिकिकरण, आवश्यकता छनौट र मूल्यांकनका लागि अगाडी वढाउन तथ्यपरक एवं मापदण्डमा आधारित बनाउने प्रयोजनका लागि नगरको प्रोफाईल तयार गरि संचालनमा ल्याईनेछ।



सिता चन्द
नगर उप-प्रमुख

नगर प्रमुख

Scanned with CamScanner

५. नेपालको सबिंधान २०७२ जारी भईसके पछि देश संघीयतामा प्रवेश गरेको छ । सोही बमोजिम राज्यको पुर्नसंरचना गर्ने दौरानमा यस दशरथ चन्द नगरपालिकाको स्वरुप समेत बिस्तार भएको बिषय अवगत नै छ । जिल्लाको सदरमुकामको नगरपालिका भएको हुदां अरु पालिकाको तुलनामा यस नगरपालिकाले केहि थप जिम्मेवारी निर्वाह गर्नु स्वभाबिक बिषय हो । साथै जनसंख्या र क्षेत्रफलको दायरा बृहत रहेको एबं समयानुसार जनअकाक्षां र आवश्यकता समेत बढी भएको र सो परिपूर्तिका लागी स्रोत साधन सिमित रहेको, आन्तरिक आय न्यून भएको एबं संघीय एबं प्रादेशिक अनुदानमा पूर्णरुपमा निर्भर हुनु पर्ने बाध्यता रहेको बिषय उपस्थित सम्पुर्णमा अनुरोध गर्दछु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु**

६. दशरथचन्द नगर एउटा ऐतिहासिक र पुरानो नगर पनि हो | दशरथचन्द नगरको सबै क्षेत्रको विकासलाई संस्थागत गर्न नगरको गरीमा उच्च राख्न आ-आफ्नो पक्षबाट अमूल्य सहयोग प्रदान गर्नु हुने हाम्रा सम्पूर्ण अग्रज हरु प्रति सम्मान प्रकट गर्न चाहन्छु ।

७. नेपालको संबिधानले तीन तहका सरकारको प्रबन्ध गरेको छ ,जसमध्ये स्थानीय सरकार नै जनताको सबैभन्दा निकटको सरकार भएको हुंदा यस स्थानीय सरकारको कार्यशैलीको प्रभावकारिताले महत्वपुर्ण भुमिका निवार्ह गर्दछ । साथै स्थानीय सरकार भनेको सबै तहको सरकारको प्रतिबिम्ब पनि हो । यस दशरथचन्द नगरपालिकामा बिद्धमान रहेका सम्भावनाहरुको पहिचान गरी सम्वृद्धि तर्फ अग्रसर हुनु आजको आवश्यकता हो । नगरवासीहरुले हामीलाई सुम्पिएको जिम्मेवारी भित्र यस नगरपालिकाको समग्र विकास, सम्वृद्धि तथा शुशासन कायम गर्न र जनआकांक्षा अनुरुप कार्यहरु गर्न कृतसंकल्पित रहेको व्यहोरा निवेदन गर्दछु ।

८. कोभिड-१९ (कोरोना भाईरस) संक्रमणको जोखिमले आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलव्ध गराउने उद्देश्यले चालु आ.ब.मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका बाट यथासक्य बजेटको व्यवस्था गरि कार्यान्वयनमा ल्याईएका छन । स्थानीय स्तरमा आंशिक रुपमा रोजगार श्रजना भएको छ ।

९. विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई नगर क्षेत्रभित्र उपलव्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका रोजगारदातासंग समन्वय गरी रोजगारी प्रदान गर्न पहल गरिनेछ ।

१०. कोभिड-१९ (कोरोना भाईरस) को कारण व्यापार व्यवसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्न व्यवसाय कर, घरबहाल कर जस्ता करका क्षेत्रमा परेको असरको मूल्यांकन गरी कर सहुलियत प्रदान गर्न आवश्यक पहल गरिने तथा कोभिड-१९को



Scanned with CamScanner

कारण कर तथा गैरकर राजश्वमा पर्न सक्ने असरलाई आंकलन गरि आन्तरिक आय अनुमानलाई यथार्तपरक बनाईनेछ ।

११. गत विगत आ.ब.हरुबाट क्रमागत रुपमा सञ्चालित आयोजनाहरुलाई आगामी आ.ब.मा सम्पन्न एवं फरफारक गरिनेछ । साथै आर्थिक दायित्व सिर्जना हुने किसिमका कार्यक्रम एवं आयोजनाहरुलाई निरुत्साहित गरिनेछ ।

१२. प्रत्येक वडामा युवा संजाल पुनर्गठन गरि, नेतृत्व विकास, खेलकुदको विकास र युवाहरुको शक्तिलाई पालिकाको सम्वृद्धि र विकासमा सहभागी गरिनेछ ।

१३. विकासका महत्वपुर्ण आयाम भित्र पर्ने कृषि क्षेत्र, शिक्षा एवं स्वास्थ्य क्षेत्र, पर्यटन पुर्वाधार विकास, आय आर्जन, विद्युत एवं संचार तथा सामाजिक सुरक्षा क्षेत्रलाई प्राथमिकता दिदैं सो का लागी आगामी आ.व.२०७८/०७९ मा हाम्रा नीति, बजेट र कार्यक्रमहरु तर्जुमा गरि स्वीकृतिका लागी यस नगरसभामा पेश गर्दछु ।

<u>आदरणीय नगरसभा सदस्य ज्यूहरु</u>

१४. यस नगरपालिकाको आवश्यकता हेरी विशेष किसिमका समारोह र पर्वहरुका दिन स्थानीय विदाको प्रबन्ध मिलाईनेछ ।

१५. यस नगरपालिकाको चौतर्फि विकासका लागी निश्चित मार्ग चित्र कोर्न र लक्ष्य हासिल गर्न योजना एवं वजेट तर्जुमा गर्न देहाय बमोमिका आधारहरुको जगमा अगाडी बढनु पर्ने देखिन्छ ।

## १. आर्थिक विकास

*(क) कृषि सहकारी, उद्योग एवं पशु विकास*

- कृषि क्षेत्रमा पकेट क्षेत्र निर्धारण गरि कृषकहरुलाई आकर्षित गर्न कृषि उपकरण तथा औजार खरिदमा अनुदान दिई दशरथचन्द न.पा.लाई कृषिमा आत्मनिर्भर बनाउन प्रेरित गरिनेछ ।
- स्थानीयकच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको बजारिकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ साथै कृषिमा आधारित ग्राम उद्योग स्थापनाका लागि पहल गरिनेछ ।
- नगरपालिका भित्र कृषि तथा पशुपालनलाई प्रोत्साहित गर्न गाई,भैसी,बाख्रा, माहुरी तथा कुखुराको व्यावसायिक उत्पादनमा जोर दिई कृषक एवं व्यावसायीहरुलाई अनुदानको व्यवस्था मिलाईने छ र उद्यमशिलताको आंकलन गरि बैंकिङ ऋणका लागि समन्वयात्मक भुमिका निर्वाह गरिनेछ ।
- पशु चौपायाहरुको नश्ल सुधार गर्न कृतिम गर्भाधान सेवा सुचारु गर्ने पशुहरुका लागि सन्तुलित आहार पुर्ति गर्न विभिन्न किसिमका उन्नत दाना तथा स्थानीय डाले घांसको विउ विजन उपलब्ध गराईनेछ ।



नरेन्द्र सिंह थापा
नगर प्रमुख

Scanned with CamScanner

- कृषि तथा पशु पकेट क्षेत्र वनाई महिलाहरुलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन सहयोगी हुने सिपमुलक कार्यकमहरु संचालन गरिनेछन् ।
- तरकारी खेती, फलफुल खेती (सिटरस, ओखर, आप, केरा, लिचि आदि), अचार र जाम जेली उद्योगमा महिलाहरुलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन सहयोगी हुने सिपमुलक कार्यकमहरु संचालन गरिनेछन् ।
- कृषि बालीलाई नष्ट गर्ने रोग किरा र बांदर एवं बन्यजन्तुको प्रकोपलाई कम गर्न परम्परागत खेती प्रणालीको विकल्पको अध्ययन एवं खोजी गरि बैकल्पिक खेती प्रणालीको थालनी गरी बांझो जग्गालाई आवाद गर्न पहल गरिनेछ ।
- नगर क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई पुर्ण रुपमा सक्रिय बनाउन नवीकरण, नयां दर्ता गर्ने क्रियाकलापलाई निरन्तरता दिईनेछ र सहकारी, समूह, समितिहरुलाई सुचिकृत गरिनेछ ।
- सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिका लागि तालिमको प्रबन्ध मिलाईनेछ ।

***(ख) पर्यटन बिकास एबं संस्कृति संरक्षण***

- पुरातात्विक महत्वका धार्मिक सम्पदाहरु को संरक्षण मर्मत संभार एवं प्रचार प्रसार गर्न आवश्यक पहल गरिनेछ ।
- यस न.पा. भित्र पर्ने पर्यटनका लागी सम्भाव्य क्षेत्रहरु (प्यारा ग्लाईडिङ्ग, केवुल कार, ऱ्याफटिङ, होम स्टे) आदीको सर्वेक्षण गरी पर्यटन गुरुयोजना निर्माणका लागि दातृ निकायहरु संग सहकार्य गरिने छ ।
- यस नगरपालिकाको ग्वाल्लेक क्षेत्रलाई पर्यटकीय क्षेत्रमा अगाडी बढाई स्थानिय कला संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरिने छ ।
- स्थानिय कला संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरिने छ ।

## २. सामाजिक विकास

**(क) शैक्षिक क्षेत्रमा विद्यालय व्यवस्थापन**

- आवश्यकताका आधारमा नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर विस्तार गर्न नगर शिक्षक कर्मचारी व्यवस्थापन गरिनेछ ।
- विद्यालयहरुको भौतिक व्यवस्थापन,फर्निचर,खेलकुद विकास, Local curriculum,curricular,co-curricular and extra curricular activities लाई थप प्रभावकारी बनाउन शैक्षिक कार्यकम बनाउन सकिनेछ ।
- शिक्षक कर्मचारीहरुको पेशागत क्षमता विकास र शैक्षिक सवालहरु समाधान गर्न उत्कृष्ठ कार्यमुलक अनुसन्धानलाई प्रकाशन गरी पुरस्कृत गरिनेछ । मापदण्डका आधारमा शिक्षामा **उत्कृष्ठलाई पुरुस्कृत कार्यकम** ल्याइनेछ ।



नरेन्द्र सिंह धामी
नगर प्रमुख

Scanned with CamScanner

- शिक्षाका समितिहरु मार्फत शैक्षिक क्यालेण्डर तयार गरी सशर्त अनुदान व्यवस्थापन र कार्यक्रम संचालन तथा नगर शिक्षा योजना र स्थानीय पाठ्यक्रमको निर्माणमा जोड दिइनेछ ।
- नगरको आर्थिक क्षमता अनुसार प्र.अ.भत्ता, नगर शिक्षक,शिशु शिक्षिका र विद्यालय कर्मचारीहरुको पारिश्रमिक थप गरी विद्यालय विपद व्यवस्थापनलाई विद्यालय सुधार योजनामा समावेश गरिनेछ ।
- गुणस्तरीय शिक्षाको प्रबर्धन् ,वालमैत्री विद्यालय,अन्तर विद्यालय असल अभ्यास आदान प्रदान र शैक्षिक भ्रमणको नीति अबलम्बन गरिनेछ ।
- विद्यालय मर्ज कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।
- प्राविधिक विद्यालयहरुको स्थापनार्थ आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम अनुसार पाठ्य पुस्तक तयार गरिने र विद्यार्थिको समग्र विकास तथा जिवनोपयोगी सिपका लागी प्रविधि मैत्री, एवं कम्तिमा पनि १ वडा बालमैत्री घोषणा गरिनेछ ।
- अन्तर विद्यालय असल अभ्यासहरुको विकास गर्ने र विद्यालयहरुको लेखापरिक्षणका लागि आवश्यक समन्वय गरिनेछ ।
- युवा तथा खेलकुद विकासका कार्यकमहरु संचालनार्थ राष्ट्रिय स्तरका खेलमैदान निर्माणका लागि संघ र प्रदेशसंग समन्वय गरिनेछ ।
- कोभिड-१९ (कोरोना भाईरस) को कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरि पठन पाठनका क्रियाकलापहरु अगाडी वढाईनेछ । गत विगत देखि नगरपालिकाद्वारा आवश्यकता अनुसार भर्ना गरिएका नगर शिक्षक र पुष्तकालयमा कार्यरत शिक्षकहरुलाई समय सापेक्ष हुने गरि पारिश्रमिक बृद्धि गरिनेछ ।

***ख) स्वास्थ्य संस्थाहरुको सबलिकरण***

- कोभिड-१९ (कोरोना भाईरस) रोकथाम नियन्त्रणका लागि भारतका विभिन्न शहरहरुबाट नेपाल भित्रिने क्रम निरन्तर रहेको हुंदा झुलाघाट नाकामा रहेको हेल्प डेस्क, होल्डिङ्ग सेन्टरलाई अझ व्यवस्थित गरी नागरिकहरुलाई स्वास्थ्य सुरक्षाको प्रत्याभुति गर्ने दिलाईने कार्यलाई निरन्तरता दिईनेछ ।
- कोभिड-१९ (कोरोना भाईरस) संक्रमण, क्वारेन्टाईन व्यवस्थापन, आईसोलेशन व्यवस्थापन, स्वास्थ्य सामाग्री आदीको व्यवस्थापनमा आवश्यक बजेट विनियोजन गरि सो को विस्तृत विवरण पारदर्शि बनाउन (CMIS) प्रणालीमा प्रविष्टि गर्ने कार्यलाई तिब्रता दिईनेछ ।
- कोभिड-१९ (कोरोना भाईरस) रोकथाम नियन्त्रणमा अहोरात्र खटिएका स्वास्थ्यकर्मी, जनप्रतिनिधि, कर्मचारीहरुलाई उक्त कार्यमा थप प्रेरित गर्न विभिन्न सहुलियत विमा, थप सुविधा दिई प्रोत्साहित गरिनेछ ।



मिना चन्द
नगर उप-प्रमुख

नरेन्द्र सिं...
नगर प्रमुख

Scanned with CamScanner

- जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकको अभाव हुने अवस्थालाई ध्यानमा राखी सो को व्यवस्थापनमा द.न.पा. बाट नेतृत्वदायि भुमिका रहने र कोभिड-१९ (कोरोना भाईरस) को महामारीलाई ध्यानमा राखि जिल्ला अस्पतालसंग समन्वय गरि सव वाहनको व्यवस्था गर्ने कार्यलाई अगाडी वढाईने छ ।
- स्वास्थ्य चौकीहरुमा खानेपानीका धारा जडान, विद्युत जडान, वर्थिङ सेन्टर, वर्थिङ सामग्रीको पर्याप्तता शौचालय निर्माण एवं मर्मत लगायतमा प्राथमिकता दिईने छ ।
- आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा अगाडी वढाउन निशूल्क औषधि वितरण कार्यक्रमलाई प्राथमिकतामा राख्न विषेश ध्यान दिईने छ ।
- स्वास्थ्य चौकी नभएका वडाहरु (वडा नं.४ र ७) मा आवश्यक पुर्वाधार एवं जनशक्ति सहितको स्वास्थ्य चौकी स्थापनाका पहल गरिने छ ।
- कोभिड-१९ (कोरोना भाईरस) को महामारीलाई न्युन गर्न संक्रमित तथा अन्य नागरिकहरुको रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्न आयुर्वेद औषधिको व्यवस्थापन तथा स्वस्थ्य जिवन शैलिका लागी योग शिविर संचालन गर्न पहल गरिने छ ।
- नगर उपप्रमुख मातृ शिशु सुरक्षा योजनालाई निरन्तरता दिईनेछ ।
- हामी दुई हाम्रा दुई सन्तानको अवधारणालाई अंगिकार गर्दै परिवार अपरिपुर्त मागलाई सुन्यमा पुरयाउने अभियानलाई आत्मसात गरि प्रजनन उमेरका दम्पतिहरुका लागि परिवार योजनाका साधनहरु निशुल्क रुपमा उपलब्ध गराई यौन तथा प्रजनन स्वाथ्यअधिकार सुनिश्चित गरिनेछ ।
- अनाथ वालवालिकाहरु का लागि संरक्षण केन्द्र स्थापनाका लागि संघ, प्रदेश र न.पा.को लागत सहभागितामा संचालन गर्न पहल गरिनेछ ।
- यस नगरपालिकामा पोषण स्थिति सुधार गर्न संचालित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी वढाईनेछ ।

### *(ग) खानेपानी तथा सरसफाईमा सबैको पहुच*

- वृहत नगर खानेपानी तथा सरफाई आयोजनाका साथै पुराना खानेपानी आयोजनाहरुको मर्मत सम्भार एवं विस्तार गरि नगरपालिकाका सबै वडाहरुमा खानेपानी पहुंच पुऱ्याउनुको साथै खानेपानी सुरक्षा योजनाको अवधारण बमोजिम विद्यालय स्वास्थ्य संस्थाहरु तथा समुदाय स्तरमा खानेपानी गुणस्तर मापन तथा सुधार, सुरक्षित पानी युक्त समुदायको घोषणा गरिनेछ ।
- नगर भित्रका खानेपानी मुल संरक्षणका लागि दातृ निकाय लगायत अन्य सरकारी, गैरसरकारी संघसंस्थाहरुको साझेदारीमा पुर्नभरण पोखरी, बृक्षारोपण जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

### *(घ) सामाजिक न्याय र समाबेशीकरण*

- महिला, बालबालिका, जेस्ठ नागरिक, अपांग, दलित लक्षित् कार्यक्रम संचालन गरि लैंगिक समानता तथा सामाजिक समावेशिकरण र लैंगिक उत्तरदायी बजेटलाई नतिजामूलक कार्यन्वयन गरिनेछ।



Scanned with CamScanner

- लैंगिक तथा महिला हिंसा अन्त्य गर्न र कोभिड १९ बाट पर्न गएको मनोसामाजिक असर कम गर्न वडामा सामुदायिक मनोसामाजिक कार्यकर्ता र घटना व्यवस्थापक परिचालन गरि सचेतनामुलक अभियान संचालन गर्ने र हिंसा प्रभावित महिलालाई सहयोग गरिनेछ।
- लैंगिक तथा महिला हिंसा, बालबिवाह, छाउपडी जस्ता असामाजिक प्रचलनहरु प्रति शुन्य सहनशीलताको नीति अख्तियार गरि सबै वडा बस्ति र गाउँ तहमा सामाजिक अभियानका साथै महिलाको लागि आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ।
- बाल बिबाह अन्त्यका लागि बैतडी जिल्लाको रणनैतिक कार्ययोजना २०७४ लाई प्रभावकारी कार्यान्वयन गर्दै यस पालिकलाई बाल बिबाह मुक्त पालिका घोषणा गरिनेछ।

## ३. पूर्वाधार विकास

*(क) सडक यातायात एबं अन्य पूर्वाधार निर्माण*

- निर्माणाधिन सडकहरुलाई सम्पन्न गरी महत्वपुर्ण सडकहरुको नगर सडक यातायात गुरु योजना, (MTMP) तयार गरिने छ ।
- पुल एवं सडक पुलहरु निर्माण गर्न संघ, प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।
- सोलार जडान मार्फत सडक एवं नगर बत्ति व्यवस्थित एवं विस्तार गरिने छ ।
- नगर क्षेत्र भित्रका मुख्य बजार क्षेत्रहरु तथा कार्यालयमा शुशासन कायम गर्न एवं आम नागरिकहरुलाई सुरक्षाको प्रत्याभुति दिन क्रमिक रुपले CCTV जडान गर्ने कार्यलाई विस्तार गरिनेछ ।
- विधुत एवं संचारवाट वन्चित रहेका वडाहरुमा विद्युत आपुर्ति गरिने छ ।

## ४. *सुशासन तथा संस्थागत सुधार*

- नगरपालिकाको आन्तरिक व्यस्थापन सुदृढीकरणका लागी आवश्यक जनशक्तिको व्यवस्था मिलाउदै जनप्रतिनिधि तथा कर्मचारीहरुको कार्यशैलीमा सुधार ल्याउन क्षमता अभिवृद्धि सम्वन्धि कार्यक्रम संचालन गरिने छ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अनुसार यस नगरपालिकामा (LMBIS) प्रणालीमा कार्यक्रमहरु प्रविष्टि गरि संचालनमा ल्याईनेछ ।
- नगरका आयोजना तथा वस्तुस्थितिको पहिचान, प्राथमिकिकरण, आवश्यकता छनौट र मूल्यांकनका लागि अगाडी वढाउन तथ्यपरक एवं मापदण्डमा आधारित नगरको प्रोफाईल तयार गरि संचालनमा ल्याईनेछ ।
- नगरपालिकाको राजश्व अभिवृद्धि गर्न स्रोतहरुको पहिचान एवं नियमन गरिने छ ।
- सेवा प्रवाहमा प्रभावकारीता ल्याउन कर्मचारी सयंन्त्रको मनोवल उच्च राख्ने कार्यक्रमहरु संचालन गरिनेछ, सो अन्तरगत पुरुस्कार एवं दण्डको समेत प्रवन्ध मिलाईने छ ।



Scanned with CamScanner

- स्थानीय सरकार संचालन ऐन, २०७४ लागु हुनु पूर्व नगरपालिकाको दरबन्दी भित्र कार्य गर्दै आउनु भएका करार तथा अस्थायी कर्मचारीहरुको बृत्ति विकासका लागि संचयकोष कट्टी गरिनेछ । साथै सामाजिक सुरक्षा कोष कार्यक्रममा सम्पुर्ण छुट कर्मचारीहरुलाई समावेश गर्ने निति लागु गरि कार्यान्वयन गरिनेछ ।
- स्थानीय तहका स्थायी कर्मचारीहरु सेवा निवृत्त हुंदाका बखत निजहरुलाई प्रदान गरिने उपदान आदी सुविधाहरुको उचित प्रबन्ध मिलाउन कर्मचारी कल्याण कोषमा रकम विनियोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आर्थिक सुशासन कायम गर्न चौमासिक रुपमा सामाजिक परिक्षण एवं सार्वजनिक सुनवाई कार्यक्रम संचालन गरिने छ ।
- युवाहरुलाई कुलतवाट वचाउन विभिन्न विधाका खेलकुद कार्यक्रम संचालन गरिने छ ।
- प्रसुति एवं परिवार नियोजन सम्वन्धि कार्यक्रम संचालनार्थ विषेश शिविरहरु संचालन गरिनेछ ।
- मन्त्रालयबाट दरबन्दी बाहेक खटाईएका र स्थानीय तहमा नियुक्ति भएका कर्मचारीहरुको पद सिर्जना गरी कार्यबोझका आधारमा शाखा एवं उपशाखामा व्यवस्थापन गरिनेछ ।
- आ.ब.२०७८।७९ का लागि संघीय सरकारबाट प्रस्तुत गरिएको निति तथा कार्यक्रममा राष्ट्रसेवक कर्मचारीहरुको बृत्ति विकास तथा मनोबल वढाउन मासिक रु. २ हजार थप गरिएकोलाई समेत मध्यनजर गरी यस न.पा.मा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई मासिक थप १ हजार प्रोत्साहन स्वरुप थप गरिनेछ । साथै संघीय सरकारले प्रस्तुत गरेको निति तथा कार्यक्रममा उल्लेख गरे अनुसार राष्ट्रसेवक कर्मचारीहरुलाई वढीमा १० दिनको पर्यटन काज उपलव्ध गराईनेछ ।
- मुक्त हलिया, एकल महिला तथा विपन्न समुदायका लागि आय आर्जन कार्यक्रमहरु संचालन एवं हलिया पुर्नस्थापना कार्यमा छुट हुन गएका द.न.पा. भित्रका मुक्त हलिया परिवारहरुको पहिचान गरि लगत संकलन गरिनेछ ।
- भूमी सम्बन्धी समस्या समाधान आयोग, भूमीहीन दलित, भूमी हिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन एवं व्यवस्थापन गर्ने कार्यलाई तिब्रता दिईनेछ ।
- जनप्रतिनिधि एवं कर्मचारीहरुमा आपसी सदभाव वढाउदै सुशासन एवं संस्थागत विकास प्रति पूर्ण उत्तरदायी एवं जवाफदेहि हून समन्वयात्मक वैठकहरु संचालन गरिने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण कार्यक्रमलाई चालु आ.ब.मा पनि निरन्तरता दिईने छ । सो कार्यक्रमको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।
- नगर पञ्चवर्षिय आवधिक योजना , नगर प्रोफाईल र नगर क्षेत्र भित्र संचालन भइरहेका सडकहरुको वस्तुस्थिति विवरण तयार गरिनेछ ।
- फोहरमैला व्यवस्थापनको लागी **Land Fill Side** निर्माण गरिने छ ।



Scanned with CamScanner

- कार्यदल गठन गरि नगरपालिकाको बेरुजु फर्छ्यौट गरनेछ ।
- संगठन संरचना (ONM) सर्वेक्षण गरी आवश्यकता अनुसार शाखा अनुसार रिक्त दरबन्दीहरुको पदपुर्ति गरिनेछ ।

## ५. वन, वातावरण तथा विपद ब्यबस्थापन

- नया विपद जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ अनुसार पालिकामा महामारी, दैवी प्रकोप र आकस्मिक विपदको पुर्व तयारी योजना, व्यवस्थापन तथा प्रतिकार्य योजना सहित अति आवश्यकीय सेवा समेत र उद्धार सयन्त्रलाई सक्रिय गराई गरि पिडित भएकाहरुलाई आवश्यक सेवा उपलब्ध गराइनेछ ।
- नगर अन्तरगत मौजुदा वन क्षेत्रको विस्तार एवं संरक्षण गर्दै ग्वाल्लेक संरक्षित वन क्षेत्रलाई विषेश प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिने छ ।
- वातावरण मैत्री नगरपालिका दशरथचन्द मूल नाराका साथ सरकारको नितीलाई अवलम्वन गर्दै जलवायु परिवर्तन सम्वन्धि प्रभावलाई कम गर्न बजार व्यवस्थापन समितिहरुको समन्वयमा प्लाष्टिक रहित नगर क्षेत्र बनाउन आवश्यक पहल गरिनछ ।


- नगर अन्तरगत मौजुदा वन क्षेत्रको विस्तार एवं संरक्षण गर्दै ग्वाल्लेक संरक्षित वन क्षेत्रलाई विषेश प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिने छ ।


- कृषि वन भित्र पर्ने चिउरी वन, रीठा, टिमुर, बास, निगालो, तेजपत्ता। रक्तचन्दन, श्रीखण्ड र रुद्राक्ष जस्ता आय आर्जन गर्ने खालका वोट विरुवाहरुको वृक्षारोपण गरिनेछ ।
- जडिवुटि खेतिको विकास एव प्रवर्द्धन गर्न बन कार्यालयसंग समन्वय गरिने छ ।
- वनजन्य उद्योग अन्तरगत वाँस निगालो उद्योग संचालन गर्न प्रोत्साहित गरिने छ ।
- नगरपालिका भित्र बजार विस्तार हुने क्रम निरन्तर वढ्दै गएकोले दिगो एवं व्यवस्थित डम्पिङ साईड निर्माण एवं फोहोर मैला व्यवस्थापन कार्यलाई अगाडी वढाईनेछ ।
- द.न.पा.का प्रमुख बजार क्षेत्रको सडक स्तरोन्नती गर्ने, ढल निकासको प्रबन्ध मिलाईनेछ ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरु**

अन्तमा माथि उल्लेखित नीति र कार्यकमहरुको कार्यान्वयन गर्न नगरपालिकाले प्रस्तुत गर्ने बजेट, नेपाल सरकार (संघीय सरकार) सुदुर पश्चिम प्रदेश सरकार, दातृ निकाय, विकास साझेदार, गैर सरकारी क्षेत्रको सहयोग र सम्पुर्ण वडा कार्यालयहरु, नगरपालिकाका कर्मचारीहरुको साझा प्रयासबाट यो नीति र कार्यकमको सफल कार्यान्वयन हुने अपेक्षा गरेको छु ।

धन्यवाद ।

मीना चन्द
(नगर उप-प्रमुख)

नरेन्द्र सिंह थापा
नगर प्रमुख



Scanned with CamScanner

## अनुसूची – १
(दफा २ संग सम्बन्धित)
नेपालको संबिधानको धारा २२९ (२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च रु. | पुँजीगत खर्च रु. | वित्तीय ब्यबस्था | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरपालिका (आन्तरिक,वित्तीय समानीकरण,सवारी साधन कर र राजस्व बाँडफाड) | ९६,०२७,०००।०० | १३५,९१९,०००।०० | | २३१,९४६,०००।०० |
| ३ | | बिषयगत शाखा | ३२७,६००,०००।०० | | | ३२७,६००,०००।०० |
| ४ | | दातृ निकाय | | | | |
| ५ | | सामाजिक सुरक्षा | १५०,३७६,०३८।०० | | | १५०,३७६,०३८।०० |
| ६ | | संघीय बिशेस अनुदान | | ११,२००,०००।०० | | ११,२००,०००।०० |
| ७ | | संघीय समपुरक अनुदान | | ५,०००,०००।०० | | ५,०००,०००।०० |
| ८ | | संघ/प्रदेश प्राकृतिक स्रोत रोयल्टी | | | | |
| ९ | | प्रदेश बिशेस अनुदान | | | | |
| १० | | प्रदेश समपुरक अनुदान | | | | |
| ११ | | प्रधानमन्त्री स्वरोजगार | | | | |
| | | जम्मा | ५७४,००३,०३८।०० | १५२,११९,०००।०० | | ७२६,१२२,०३८।०० |

नगरपालिका को कार्यपालिकाको कार्यालय ... प्रदेश, नेपाल

Scanned with CamScanner

आज मिति २०७८ साल आषाढ ०८ गते सोमवारका दिन यस दशरथचन्द नगरपालिकाको आठौं नगर सभा नगरप्रमुख श्री नरेन्द्र सिंह थापाज्यू को सभापतित्वमा बसी देहायका पदाधिकारी ज्यू हरुको उपस्थितिमा देहायका निर्णय पारित गरिए ।

उपस्थिति

सभाध्यक्ष नगर प्रमुख श्री नरेन्द्र सिंह थापा
नगर सभा सदस्य श्री मिना चन्द
" " श्री भुवन राज भट्ट
" " श्री पुटकी लोहार
" " श्री जानकी भुल
" " श्री चक्र बहादुर चन्द
" " श्री नवराज भट्ट
" " श्री रन बहादुर बोहरा
" " श्री जयन्ती बोहरा
" " श्री गिता देवी लावड
" " श्री करन सिंह थलाल
" " श्री दाम बहादुर क्षेत्री
" " श्री मानमति पुजारा
" " श्री हरु बुड
" " श्री मान सिंह नाथ
" " श्री सुदर्शन बोहरा
" " श्री मोहन चन्द
" " श्री कल्पना क्षेत्री
" " श्री पार्वती कुमारी भुल
" " श्री तेजराज पाण्डेय
" " श्री नरेन्द्र सिंह कार्की
" " श्री नारायण प्रसाद भट्ट
" " श्री चन्द्रावती जोशी
" " श्री राजु देवी लुहार
" " श्री द्विजराज भट्ट
" " श्री गजेन्द्र सिंह रावल
" " श्री सिता कार्की
" " श्री मिरा महर
" " श्री नरेन्द्र बहादुर चन्द
" " श्री लोकराज पन्त

Scanned with CamScanner

| | |
|---|---|
| नगर सभा सदस्य | श्री चक्र प्रसाद शर्मा |
| ,, ,, | श्री रेवती पाण्डेय वडु |
| ,, ,, | श्री रामा लुहार |
| ,, ,, | श्री तारा वडु |
| ,, ,, | श्री बलदेव वडु |
| ,, ,, | श्री सुरेश सिंह थापा |
| ,, ,, | श्री सागीता सौनी |
| ,, ,, | श्री विमला महर |
| ,, ,, | श्री किशन सिंह धुरू |
| ,, ,, | श्री हरिशचन्द्र जोशी |
| ,, ,, | श्री लक्ष्मी जोशी |
| ,, ,, | श्री चम्पा महर |
| ,, ,, | श्री प्रेम जोशी |
| ,, ,, | श्री हंश राज जोशी |
| ,, ,, | श्री गगन सिंह बिष्ट |
| ,, ,, | श्री भुरी देवी बिष्ट |
| ,, ,, | श्री तुलसी देवी खाबड |
| ,, ,, | श्री गणेश बहादुर चन्द |
| ,, ,, | श्री भवानी बिष्ट |
| ,, ,, | श्री जय दत्त पन्त |
| ,, ,, | श्री भागरथी पन्त |
| ,, ,, | श्री भागा देवी पार्की |
| ,, ,, | श्री बहादुर पन्त |
| ,, ,, | श्री राम सिंह पन्त |
| ,, ,, | श्री गणेश राम दमाई |
| ,, ,, | श्री जगदीश राम लुहार |
| ,, ,, | श्री छवर राम रमया |
| नगर सभा सचिव | श्री गणेश सिंह खेरी |

Scanned with CamScanner